सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व न्यायाधीश ईन्द्रराज पाण्डेको सम्वत् २०७७ साल माघ २६ गते सोमबार भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। पूर्व न्यायाधीश पाण्डेको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको छ। सर्वोच्च अदालतको न्यायाधीशका रुपमा कार्यरत रहँदा नेपालको न्यायपालिकाको श्रीवृद्धि र न्याय कानूनको क्षेत्रमा उहाँले पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च सम्मान गर्दछौं। उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहिरहने छ। विशेष गरी अन्तराष्ट्रिय, देवानी र फौजदारी कानूनका क्षेत्रमा विशेष दखखल राख्ने एक निर्भिक, अत्यन्त मिलनसार, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ, कानूनका ज्ञाता एवम् अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनु भएका स्वर्गीय ईन्द्रराज पाण्डे न्याय र कानूनका क्षेत्रमा स्थापित व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

पाल्पा जिल्लाको तानसेन, धरमपानीमा सम्वत् १९९० साल फागुन ०९ गते जन्मनु भएका पूर्व न्यायाधीश ईन्द्रराज पाण्डे २०५१ साल माघ १० गतेदेखि सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त हुनुभएको र २०५२ चैत्र ०७ गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई मिति २०५५।११।०८ मा उमेरहदका कारण अवकाश भई सेवा निवृत्त हुनुभएको थियो।

स्वर्गीय पाण्डेको निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। यस दुःखद् घडीमा सर्वोच्च अदालतको आज मिति २०७७।१०।२७ मा बसेको आकस्मिक पूर्ण बैठकले एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै उहाँको आत्माको चीर शान्तिको कामना गरिएको छ।

भद्रकाली पोखरेल
प्रवक्ता

मिति : २०७७।१०।२७

\\192.168.0.200\Share_200\COMMON SHARE\@ Admin\Devendera Dhakal\प्रेश विज्ञप्ती.docx